"स्वच्छ, सुन्दर, र समुन्नत शहर, सर्लाहीको शान लालबन्दी नगर"

# लालबन्दी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लालबन्दी, सर्लाही
मधेश प्रदेश, नेपाल

फोन नं.- ०४६५०११००
०४६५०१३३३
०४६५०१४४४
Email:maillalbandi@gmail.com
Web: lalbandimun.gov.np

## विद्यार्थी भर्ना कार्यक्रम, २०८० सम्बन्धमा ।

(मिति : २०७९/१२/३०)

विद्यालय उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालय भर्ना गराई उनीहरुको शिक्षा सम्वन्धी मौलिक हक तथा अधिकार सारभूत रुपमा कार्यान्वयन गर्न सबै विद्यालयहरुले तपसिल बमोजिमका क्रियाकलाप गरी विद्यार्थी भर्ना तथा विद्यालय स्वागत कार्यक्रम सञ्चालन गर्नु/गराउनु हुन अनुरोध छ । यसको लागि सूचना समन्वय र सहजीकरण गर्न नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा विद्यार्थी भर्ना अभियान कार्यक्रमको सम्पर्क बिन्दुको रुपमा रहनेछ । यस अभियानलाई सफल र प्रभावकारी बनाउन सम्वन्धित सबै पक्षको सहयोग र समन्वयको अपेक्षा गर्दछौं ।

### "समयमै भर्ना, समयमै ज्ञान; गुणस्तरीय शिक्षा, सबैको अभियान"

१. विद्यालय व्यवस्थापन समितिको बैठकबाट निर्णय गराई कार्यतालिका सहित शैक्षिकसत्र, २०८० को विद्यार्थी भर्ना कार्यक्रम, २०८० बैशाख महिनाभित्र सञ्चालन गर्ने ।

२. भर्ना हुन आउने बालबालिकाहरुलाई तत्काल भर्ना गरी स्वागत गर्ने र निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने ।

३. विद्यार्थी भर्नाका लागि आफ्नो सेवाक्षेत्रभित्र व्यापक रुपमा प्रचारप्रसार र सूचना गर्ने । यसको लागि स्थानीय एफएम रेडियो, पत्रपत्रिका, सामाजिक सञ्जाल, मेलापर्व, भेला आदि माध्यमबाट गर्ने ।

४. कक्षा ११ र १२ सञ्चालन भएका विद्यालयहरुले सो तहमा अध्ययनरत विद्यार्थीहरुलाई प्रयोगात्मक कार्यका रुपमा आफ्नो सेवा क्षेत्रभित्रका बालबालिकाको लगत संकलन, विद्यालय बाहिर रहनुका कारण एवम् समस्याको पहिचान, विद्यालय भर्नाको लागि घरदैलो, सडक नाटक प्रदर्शन जस्ता क्रियाकलापहरु सञ्चालन गर्ने ।

५. विद्यार्थी भर्ना एवम् अभिभावकत्व ग्रहण गरी भर्ना गर्नेको हकमा सो को अभिलेख व्यवस्थित रुपमा राखी शिक्षा शाखामा जानकारी पठाउने ।

६. एकजना शिक्षकलाई विद्यार्थी भर्ना कार्यक्रमको सम्पर्क व्यक्ति तोकी सूचना, सम्पर्क र समन्वयको जिम्मेवारी दिने ।

७. विद्यालयको आफ्नै नारा क्रमशः कार्यान्वयन गर्ने ।

**क) "विद्यालयलाई पढ्ने पढाउने थलोमात्र नभई सिक्ने सिकाउने केन्द्र बनाउँ" ।**

विद्यालयमा शिक्षक सिकाउन जाने, विद्यार्थी सिक्न जाने र अभिभावकले आफ्ना छोराछोरीले सिकोस भनेर विद्यालय पठाउने, विधि र प्रविधिको अत्याधिक प्रयोगले यो नारा सफल हुने निश्चित छ ।

**ख) "विद्यालयमा सबै तह र कक्षामा विद्यार्थी उपस्थिति समान बनाउँ " ।**

बालविकास कक्षा देखि कक्षा ३ सम्म र क्रमशः अन्य कक्षाहरुमा सबैभन्दा बढी लगानी गरेर आकर्षक, अत्याधुनिक तथा पूर्ण बालमैत्री बनाउन सकेमा सानो कक्षा देखि ठुलो कक्षासम्म विद्यार्थी उपस्थिति समान रुपमा बढ्न सक्छ ।

**ग) "आफैं प्रति आफु निर्मम बनौं, शिक्षकले आफैंलाई सुधार गरौं, सुरुवातमा मुस्कान सहित कक्षाकोठा प्रवेश गरौं"।**

यसबाट शिक्षकको स्वयम् जिम्मेवारी बोध हुने, विद्यार्थीहरु शिक्षकको नजिक आउने र आफ्नाकुरा राख्न सक्ने मै शिक्षण सिकाइ थप प्रभावकारी हुने स्याबासी र पुरस्कार दिने कक्षाकोठाको रुपमा प्रभावकारी सिकाइ हुन्छ ।

घ) **"बिना शैक्षिक सामग्री कक्षा कोठा प्रवेश नगरौं"।**

शैक्षिक सामग्रीक् समुचित प्रयोगले शिक्षण सिकाइ थप प्रभावकारी बन्न पुग्छ ।

ङ) **"हाम्रो इच्छा सभ्यता र संस्कार सहितको शिक्षां" ।**

शिक्षण सिकाइको सन्तुष्टी र सफल हुनका लागि विद्यार्थीले परीक्षाको ग्रेडशीटमा हासिल गरेको नतीजाले मात्र हुदैन उसले प्राप्त गरेको ग्रेडशीट अनुसारको आचरण, बोली, भाषा, घर परिवार र सामाजिक दायित्व, देशप्रेम, आफ्नो संस्कृति र संस्कार हुनुपर्छ । आफु भन्दा ठूलोलाई सम्मान र सानालाई माया गर्ने, आफ्नो संस्कार र सभ्यता प्रति माया र गर्व गर्नुका साथै बोली र भाषामा सुधार आउँछ ।

च) **"हाम्रो इच्छा विद्यालयको पहुँच बाहिरका बालबालिकाको खान, बस्न, लगाउन र निरन्तर पढ्न पाउने शिक्षां" ।**

यसवाट विद्यालय वाहिर रहेका सवै बालवालिकाहरुको पहुँच विद्यालय शिक्षामा हुन सक्छ ।

छ) **"समुदायको सहयोग, शिक्षण सिकाईमा उपयोग" ।**

विद्यालयले समुदाय लक्षित कार्यक्रमहरु सञ्चालन गर्दै जाँदा विद्यालय समुदाय सम्वन्ध बलियो हुदै जान्छ र विद्यालयले समुदायको सहयोग, सद्भाव र माया राम्रो बन्छ ।

शिक्षा युवा तथा खेलकुद शाखा
लालबन्दी नगरपालिका